Cultural Linguistic Services
OFFICE OF HUMAN RESOURCES
UNIVERSITY OF WISCONSIN–MADISON

# *W-4* फारामको छोटो गाईड

- अङ्ग्रेजी भाषामा प्रश्नहरू सोध्नका लागि, तपाईंको विभागको *HR* कार्यालयमा सम्पर्क गर्नुहोला वा payroll@ohr.wisc.edu मा ईमेल पठाउनुहोला।
- नेपाली भाषाको अनुवादन वा दोभाषे सेवा अनुरोध गर्नको लागि, मानव संसाधन कार्यालयको सांस्कृतिक भाषागत सेवा (*CLS*) मा 608-262-7521 वा nepali-cls@wisc.edu मार्फत सम्पर्क गर्नुहोला।

## *W-4* फाराम के हो ?

तपाईंको रोजगारदाताले तपाईंको तलबबाट कति कर काट्ने हिसाब गर्न *W-4* फाराम चलाउँदछन्। **थप जानकारीका लागि**, *IRS (Internal Revenue Service)* को यो भिडियो हेर्न सक्नुहुन्छ: https://go.wisc.edu/4q9500

## तपाईंको *W-4* फाराम कसरी बदल्ने ?

| अन्लाईन | कागज मार्फत |
|---|---|
| 1. यो वेबसाईट मार्फत *MyUW* मा लग ईन गर्नुहोस्: https://my.wisc.edu/<br>2. *Payroll Information* को बाकसमा थिच्नुभएर *Update W4* मा थिच्नुहोस्<br>3. संघीय र राज्यको कर डाटामा आफ्नो चयन राख्नुहोस्<br>4. बुझाउनुहोस् (*Submit*)<br><br>**विस्तृत निर्देशनहरू:**<br>https://hr.wisc.edu/docs/pay-update-federal-state-w4-nepali.pdf | 1. तलका वेबसाईटमा रहेका फारामहरू हेर्नुभएर प्रिन्ट गर्नुहोस् वा तपाईंको घर वा सुपरभाईजरलाई पठाउन हामीलाई सोध्नुहोस्<br>• संघीय: https://www.irs.gov/pub/irs-pdf/fw4.pdf<br>• राज्य: https://www.revenue.wi.gov/TaxForms2017through2019/w-204f.pdf<br>**नोट:** यदि तपाईं विस्कन्सिनको कर तिर्ने निवासी **हुनुहुन्न** भने, तपाईंलाई बेग्लै फारामहरू आवश्यक हुन सक्दछन्<br>2. फारामहरू भर्नुहोस्<br>3. तपाईंको विभागीय *HR* कार्यालय वा मानव संसाधनको कार्यालयको 21 N. Park Street, Suite 5101 मा व्यक्तिगत रूपमा बुझाउनुहोला |

## सुझावहरू

- *MyUW* मा आफ्नो *W-4* फाराम भर्ने वा अपडेट गर्ने क्रममा तपाईंलाई सहयोग गर्नको लागि तपाईंले *HR* वा *CLS* प्रतिनिधिसँग भेटघाटको समय बनाउन सक्नुहुन्छ।
- **हामीले तपाईंले के गर्नुपर्दछ भनेर सल्लाह दिन सक्दैनौं।** सबैजनाको करको अवस्था बेग्ला बेग्लै हुन्छ, त्यसैले हामीले तपाईंको *W-4* फाराम सही रूपमा भर्नुभयो या भएन भनेर बताउन सक्दैनौं।
- यदि तपाईंलाई आफ्नो *W-4* मा के राख्ने भनेर निर्णय लिन सहयोगको आवश्यकता भएमा तपाईंको कर तयार गर्ने व्यक्ति (*tax preparer*) सँग वा *IRS* को *Tax Withholding Estimator* को यो वेबसाईट हेर्नुभएर परामर्श लिनुहोला: https://www.irs.gov/individuals/tax-withholding-estimator ।
- आफ्नो *W-4* अपडेट गर्नुभए पछि, जानकारी सही छ या छैनन् हेर्न तपाईंको आगामी दुईवटा *Earnings Statements* हेर्नुहोला। यदि त्यसमा सही जानकारी छैनन् भने, हामीलाई सम्पर्क गर्नुहोला (सम्पर्क जानकारी माथि छन्)।

अपडेट गरिएको: 09/21/2023